


राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २६९ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ कार्तिक २ गते बुधबार ❑ 19 Oct. 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## विधानको रक्षा र समृद्धिका लागि गठबन्धन दलहरूको पक्षमा मतदान गर्न संयुक्त अपिल

**रासस**
**काठमाडौं, १ कार्तिक**

पाँच दलीय सत्ता गठबन्धन दलहरूले लोकतन्त्र, संविधान र विधिको शासनमार्फत सुशासन र समृद्धिको राष्ट्रिय अभिलाषा परिपूर्ति गर्न गठबन्धनको आवश्यकतालाई मनन गर्न र आगामी निर्वाचनमा यो गठबन्धनलाई अत्यधिक बहुमतका साथ विजयी गराउन अपील गरेका छन् ।

गठबन्धनका तर्फबाट प्रधानमन्त्री एवं नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा, नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल र नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले आज सो संयुक्त अपिल जारी गर्नुभएको हो । अपिलमा आगामी मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा नेपालको संविधानले परिकल्पना गरेअनुरूप राष्ट्रियता, प्रतिस्पर्धात्मक बहुदलीय लोकतन्त्र, समाजवाद, मानवअधिकार, बालिग मताधिकार, आवधिक निर्वाचन, शक्ति पृथकीकरणको सिद्धान्त र सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थालाई सुदृढ गर्न वर्तमान चुनावी गठबन्धन दलहरू प्रतिबद्ध रहेको उल्लेख छ। लोकतान्त्रिक गठबन्धनको यो नै साझा र प्रष्ट वैचारिक धरातल र सहकार्यको आधार हो ।

"विसं २०७८ असारमा निर्माण भएको पाँच दलीय गठबन्धनको उद्देश्य मुलुकको सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानको भावना र मर्म विपरीत दुई-दुई पटक गरिएको प्रतिनिधिसभाको असंवैधानिक विघटनलगायत तत्कालीन सरकार प्रमुखको अनेकौँ स्वेच्छाचारी कदमलाई परास्त गर्नु र संविधानको रक्षा गर्नुरहेको कुरा जगजाहेर छ", अपिलमा उल्लेख छ । छोटो अवधिमा सरकारले लोकतन्त्रलाई संस्थागत गर्न संवैधानिक अधिकारको पूर्ण प्रत्याभूति गर्दै भयरहित वातावरणमा निष्पक्षरूपमा सफलताका साथ स्थानीय निर्वाचन सम्पन्न गरेको र अहिले गठबन्धनको यो सरकार आउँदो आम निर्वाचनलाई पनि भयरहित र निष्पक्षरूपमा सम्पन्न गर्न कटिबद्ध रहेको जनाइएको छ।

गठबन्धन दलहरूले अधिनायकवादी आक्रमणको खतरा जीवितै रहेको परिस्थितिमा संविधानमाथिको प्रतिगमनको खतरा रहेसम्म गठबन्धनको औचित्य कायमै रहने स्पष्ट पारेका छन् । देशलाई आर्थिक समृद्धिको मार्गमा अग्रसर गराउन भ्रष्टाचारमा शून्य सहनशीलतासहितको सुशासन र जनताको घरदैलोमै प्रभावकारी सेवाको सुनिश्चितता गर्दै उत्पादन वृद्धि र मुलुकभित्रै रोजगारीका पर्याप्त अवसरको सिर्जना गरी आत्मनिर्भर अर्थतन्त्र निर्माणको राष्ट्रिय कार्यभारलाई गठबन्धन दलले उच्च प्राथमिकता दिने उल्लेख गरेका छन् ।

"जनताको समृद्धिको आकाङ्क्षालाई आगामी निर्वाचनपछि बन्ने सरकारले बिना आलटाल र ढिलासुस्ती सम्बोधन गर्नु आवश्यक छ । त्यसका लागि गठबन्धन दलहरूका प्राथमिकता प्रष्ट छन् । कृषिको आधुनिकीकरण, उत्पादन वृद्धि एवं बजारीकरण, पूर्वाधार विकास र पर्यटन प्रवर्द्धन, द्रुत औद्योगीकरण, व्यापार घाटाको न्यूनीकरण गर्न आयात प्रतिस्थापन एवं निर्यात प्रवर्द्धन र नेपालको तुलनात्मक लाभ एवं प्रचुर सम्भावना भएका जलविद्युत्‌जस्ता क्षेत्रको विकास नै अहिलेको आवश्यकता हो । यसका लागि पर्याप्त निजी, सहकारी एवं सार्वजनिक लगानी वृद्धि गर्दै देशको हितमा विदेशी लगानी आकर्षण गर्ने नीति गठबन्धन सरकारले लिनेछ । यस्तो लगानीका लागि आवश्यक वातावरण, राजनीतिक स्थिरता, नीतिहरूको सुनिश्चितताप्रति गठबन्धन सचेत छ", अपिलमा जनाइएको छ ।

जलविद्युत्‌को विकासमार्फत मुलुकको आवश्यकता पूर्ति गर्दै मुलुकमा उद्योग व्यवसायको विस्तार गर्न, सफा ऊर्जाको उपभोग बढाएर वातावरण विनाश रोक्न, स्वदेशमा उत्पादित विद्युत्‌को निर्यात बढाउँदै पेट्रोलियम पदार्थको आयात घटाई भयावह बन्दै गएको व्यापार घाटालाई कम गर्ने सम्भावना छन् । ती सम्भावनाको सदुपयोग गर्ने प्रष्ट दूरदृष्टि र कार्ययोजनाका साथ गठबन्धनको भावी सरकारले कार्य गर्ने अपिलमा उल्लेख छ ।

शिक्षा र स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी सेवाको उपलब्धता र गुणस्तरमा उल्लेख्य सुधार गर्न गठबन्धनका दलहरू प्रतिबद्ध रहेको जनाएका छन् ।

नेपालको स्वतन्त्र र असंलग्न परराष्ट्र नीतिलाई देशको आवश्यकता र राष्ट्रिय स्वार्थ केन्द्रित लक्ष्यका साथ सञ्चालन गर्नु गठबन्धन दलहरूको नीति हुनेछ । नेपालको परराष्ट्र नीति राष्ट्रिय हित र आवश्यकताअनुरूप गतिशील, सन्तुलित र अद्यावधिक बनाउनु आवश्यक छ । लोकतान्त्रिक शक्तिहरू सम्मिलित गठबन्धन सरकार साझा राष्ट्रिय दृष्टिकोण बनाउन निरन्तर क्रियाशील रहने अपिलमा जनाइएको छ ।

## पोखरालाई पर्यटनको राजधानी हामी आफै घोषणा गर्छौं : प्रमुख आचार्य

**पोखरापत्र संवाददाता**
**पोखरा, १ कार्तिक**




पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले पोखरालाई 'पर्यटनको राजधानी' स्थानीय सरकारले नै घोषणा गर्ने बताएका छन् ।

पर्यटनको राजधानी घोषणा गर्न पोखरा महानगरपालिकाले संघ सरकारलाई आग्रह गरेको थियो । पाँच वर्ष अघि महानगरले निर्णय गरेको हो । गण्डकी प्रदेश सरकारले दुई पटक पहल गर्दा पनि संघ सरकारको ध्यानाकर्षण भएको छैन् । संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा अनुरोध गरे पनि अहिलेसम्म थाँती रहेको छ । आचार्यले भने, 'पोखरालाई केन्द्रमा राखेर हामी आफै काम गर्छौं ।' उनले पोखरा टुरिजम एन्ड हस्पिटालिटी मिट-२०२२ को उद्घाटन गर्दै उक्त उद्घोष गरेका हुन् । आचार्यले भने 'कसैले माने पनि नमाने पनि पोखरा पर्यटनको राजधानी नै हो ।' पर्यटन उद्योगका लागि चाहिने जनशक्ति जनप्रिय बहुमुखी क्याम्पसले उत्पादन गर्नु सह्रानीय भएको बताए । पोखरालाई मुक्ति क्षेत्रको प्रवेशद्वार बनाउन प्रतिवद्ध रहेको जनाए । कार्यक्रमका प्रमुख वक्ता प्राडा रमेशराज कुँवरले 'नेपालको पर्यटन हिजो, आज र भोलि विषयमा प्रस्तुति राख्दै नेपाल मै पहिलो पटक पर्वतीय पर्यटनको अध्ययन अध्यापन गराएको जनप्रिय क्याम्पसको प्रशंसा गरेरै नसकिने बताए । कुवँरले स्वायत्त पाठ्यक्रम विकासका लागि आफूले पहल गरको जानकारी दिए । नेपाल पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत डा. धनञ्जय रेग्मीले 'नेपाल र अन्तर्राष्ट्रिय क्षेत्रमा पोखराको पर्यटन प्रवर्द्धनका सम्भावना'लाई सार्थक बनाउने उपायबारे प्रस्तुति राखेका थिए । रेग्मीले वार्षिक ४ सय जनशक्ति पर्यटन क्षेत्रका लागि तयार भए पनि पर्यटन उद्योगमा दक्ष जनशक्तिको माग खूटकिएको जनाए । पर्यटनका लागि बनाउनु भन्दा पनि नभत्कानु काफी हुने तर्क राखे । हिमालसँगै नयाँ प्रोडक्ट पनि सेल गर्नु आवश्यक रहेको रेग्मीको धारणा थियो ।

नेपाल पर्वतारोहण संघका अध्यक्ष निमानोर्बु शेर्पाले 'नेपालको पर्वतीय पर्यटन' विषयमा प्रस्तुति राख्दै पर्यटन पढेका दक्ष जनशक्ति होटल, बार, रेस्टुरेन्टका लागि मात्रै नभई समग्र पर्यटन क्षेत्रलाई चाहिने

बाँकी अन्तिम पृष्ठमा ▶▶

## एक सय ६० पदकसहित आर्मीको अग्रता

**पोखरापत्र संवाददाता**
**पोखरा, १ कार्तिक**

नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत जारी खेलमा विभागीय टिम नेपाल आर्मी क्लबले एक सय ६० पदकसहित फराकिलो अग्रता बनाएको छ ।

गण्डकी प्रदेशमा जारी खेलमा हालसम्म छ सय १९ पदकको छिनोफानो हुँदा आर्मीले ७४ स्वर्ण, ५१ रजत र ३५ कांस्य पदकसहित कूल एक सय ६० पदक हात पारेको छ । प्रतियोगितामा विभागीय टिम नेपाल पुलिस क्लब ३० स्वर्ण, २४ रजत र ३७ कांस्य पदकसहित ९१ पदक हात पारेको छ । त्यस्तै अर्को विभागीय टिम एपीएफले २७ स्वर्ण, ३१ रजत र ४४ कांस्य पदकसहित कूल एक सय दुई पदक हात पारेको छ ।

प्रतियोगितामा बागमती प्रदेशले १५ स्वर्ण, २३ रजत र २६ कांस्य सहित कुल ६४ पदक जित्दा गण्डकी प्रदेशले १२ स्वर्ण, १२ रजत र २९ कास्य पदकसहित ५३ पदक हात पारेको छ । त्यस्तै सुदूरपश्चिम प्रदेशले सात स्वर्ण, तीन रजत र १६ कांस्यसहित २६ पदक, एनआरएनएले छ स्वर्ण, छ रजत र चार कांस्यसहित १६ पदक, मधेस प्रदेशले पाँच स्वर्ण, पाँच रजत र १४ कांस्य पदकसहित २४ पदक तथा प्रदेश १ ले तीन स्वर्ण १४ रजत र ३० कांस्यसहित ४७ पदक जितेका छन् । लुम्बिनी प्रदेशले दुई स्वर्ण, १२ रजत र १७ कांस्यसहित ३१ तथा कर्णाली प्रदेशले एक स्वर्ण, एक रजत र तीन कांस्यपदक सहित पाँच पदक हात पारेको आयोजक राष्ट्रिय खेलकुद परिषद्‌ले जनाएको छ । प्रतियोगिताअन्तर्गतका खेल जारी छन् ।

## तिहारसँगै पोखरामा पुष्प मेला गरिने

**पोखरापत्र संवाददाता**
**पोखरा, १ कार्तिक**

व्यावसायिक प्रवर्द्धन तथा तिहार पर्वलाई लक्षित गरी पोखरामा छैटौं पुष्प मेला सञ्चालनमा ल्याइने भएको छ ।

यहाँका पुष्प व्यवसायीले यही कात्तिक ४ गतेदेखि ६ गतेसम्म पुष्प मेला सञ्चालन गर्न लागेका हुन् । पोखरा रङ्गशालामा आयोजना गरिने पुष्प मेलामा गोदावरी फूललाई विशेषरूपमा प्रवर्द्धन गरिने गोदावरी प्रदर्शनी तथा पुष्प मेला, २०७९ मूल आयोजक समितिका संयोजक डिलबहादुर गुरुङले जानकारी दिनुभयो ।

गोदावरी मेलामा कास्की तथा यस क्षेत्रअन्तर्गत २५ व्यवसायीले आफ्ना नर्सरीमा उत्पादित फूल तथा फूलका बीउको स्टलहरू राख्ने आज आयोजित पत्रकार भेटघाट कार्यक्रममा बताइएको छ । पुष्प मेलामा रु आठ लाख ५० हजार खर्च लाग्ने अनुमान गरिएको छ । मेलामा सरकारी तथा विभिन्न सङ्घ संस्थाको सहयोग रहने जानकारी सो अवसरमा दिइएको थियो । प्रदर्शनीमा गोदावरी फूलका अतिरिक्त अन्य परम्परागत फूल, कटफ्लावर, सुनगाभा, सिजनल फूल, बोन्साई, बिरुवा प्रदर्शनी एवं बिक्री गरिने जानकारी पुष्प व्यवसायी दयाकुमार द्वाले दिनुभयो । पोखरामा प्रत्येक वर्ष पुष्प प्रदर्शनी गरिँदै आएको भए पनि पछिल्लो दुई वर्ष कोरोनाका कारण मेला सञ्चालनमा आउन सकेको थिएन । कास्कीमा मात्र ५० भन्दा बढी पुष्प व्यवसायी रहेका छन् । फूलमा गण्डकीलाई आत्मनिर्भर बनाउने उद्देश्यले नै फूलको प्रवर्द्धन गरिएको पुष्प व्यवसायी द्वा बताउनुहुन्छ । पछिल्लो समय पुष्प खेतीतर्फ कृषक आकर्षित भएको र फूलले मूल्यसमेत पाउने गरेको व्यवसायीहरूले बताएका छन् । पोखरामा तिहारको समयमा मात्र रु दुई करोडभन्दा बढी मूल्यको सयपत्री तथा मखमली फूलका माला तथा फूल बिक्री हुने गरेको जानकारी उक्त अवसरमा दिइएको छ । आयोजकका अनुसार तिहारमा बिक्री हुने ८० प्रतिशत फूल तथा माला कास्की तथा आसपासका जिल्लामा नै उत्पादित हो भने २० प्रतिशत माला तथा फूल भारतबाट आयात हुने गरेको छ ।

## 'समृद्धिको अभियानलाई सार्थक बनाउन उम्मेदवारी'–विद्या भट्टराई

**पोखरापत्र संवाददाता**
**पोखरा, १ कार्तिक**




नेकपा एमाले कास्की जिल्ला निर्वाचन क्षेत्र नं. २ प्रतिनिधि सभा सदस्यका उम्मेदवार विद्या भट्टराई अधिकारीले मुलुकको समृद्धिको अभियानलाई सार्थक बनाउन आफ्नो उम्मेदवारी भएको बताएकी छन् ।

पोखरा १७ विरौटामा स्थापना गरिएको निर्वाचन परिचालन कमिटि कार्यालयको मंगलवार उद्घाटन कार्यक्रममा बोल्दै उनले राष्ट्रियता र लोकतन्त्रको रक्षासँगै जनताका आधारभुत आवश्यकता पुरा गर्न एमालेको विकल्प नरहेको बताईन् । अधुरा काम पुरा गर्ने लक्ष्यका साथ दुई बर्ष अघि दुःखद अवस्थामा भएको उपनिर्वाचनमा निर्वाचित भएसँगै यस क्षेत्रको भौतिक, सामाजिक एवम् मानवीय विकासमा आफ्नो तर्फबाट सक्दो प्रयास गर्दै आएको स्मरण गर्दै उनले यस अवधिमा स्वर्गीय रविन्द्र अधिकारीले शुरुवात गरेका कतिपय विकास निर्माणका काम पुरा भएको बताईन् । नेकपा एमाले केन्द्रीय सदस्य समेत रहेकी बौद्धिक व्यक्तित्व भट्टराईले भनिन् - 'मंसीर ४ गते हुने प्रतिनिधि र प्रदेश सभा निर्वाचनमा जनताको बलबाट परमादेशको गठवन्धन सरकारलाई विस्थापित गरि जनादेशको सरकार स्थापित हुने छ ।'

भट्टराईले मुलुकका युवा शक्तिलाई विदेशमा नभई स्वदेशै उत्पादनमा जोडदै व्यवसायिक बनाउन एमालेको सरकारले गरेको अभियानलाई वर्तमान गठवन्धन सरकारले रोकेको बताउँदै पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल निर्माणसंगै यस क्षेत्रका पहुँच मार्गको स्तरनोन्नति गर्नु पर्ने आवश्यकता औल्याईन् । नेकपा एमाले केन्द्रीय सदस्य एवम् कास्की निर्वाचन क्षेत्र नं. २ (क) का उम्मेदवार भिमबहादुर कार्कीले मुलुकका विपन्न, उत्पिडित, महिला पिछडिएका वर्ग र सुकुम्वासीको उत्थानका लागि पार्टीले महत्वपूर्ण भूमिका खेल्दै आएको बताए । नेकपा एमाले पोलिटव्यूरो सदस्य सीता गिरी ओलीले निर्वाचन परिचालन कार्यालयको उद्घाटन गर्दै जनताका घरघरमा पुगेर समस्या समाधानतर्फ लाग्न पार्टी नेता तथा कार्यकर्तालाई निर्देशन दिईन् । कुरा गरेर होईन काम गरेर पार्टीलाई स्थापित गर्दै जनताका समस्या पहिचान गरि समाधानतर्फ लाग्नुपर्नेमा जोड दिंदै उनले यस क्षेत्रको समग्र विकासमा योगदान पुऱ्याउन सफल विकास प्रेमी नेता स्वर्गीय रविन्द्र अधिकारीको अभाव खड्किएको स्मरण गरिन् ।

बाँकी अन्तिम पृष्ठमा ▶▶



# ‘महिला सशक्तिकरण र समावेशी विकासका लागि उम्मेदवारी’-मिना गुरूङ

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

आगामी मंसिर ४ गते हुने प्रदेश सभा सदस्य निर्वाचनका लागि नेकपा (एमाले)को तर्फबाट कास्की निर्वाचन क्षेत्र न २ (ख) का उम्मेदवार मिना गुरूङले महिला सशक्तिकरण, समावेशी विकास र समृद्धिका लागि आफुले उम्मेदवारी दिएको बताएकी छन् ।



पोखरा ८ सिजर्नाचोकस्थित कास्की निर्वाचन क्षेत्र नं. २ (ख) को निर्वाचन परिचालन कमिटिको कार्यालयको उद्घाटन समारोहमा बोल्दै उनले महिला हकहितका पक्षमा काम गर्ने उल्लेख गरेकी छन् ।

उम्मेदवार गुरूङले विगतमा एमाले नेतृत्वको प्रदेश सरकारले शुरु गरेका तर सरकारको फेरबदलका कारण पूरा हुन नसकेका विकास निर्माणका अधुरा योजना पूरा गर्दै नयाँ भिजनका साथ अघि बढ्ने प्रतिवद्धता जनाईन् ।

उनले आफ्नो निर्वाचन क्षेत्र सबै हिसावले महत्वपूर्ण रहेकोले सो क्षेत्रको विकासको योजना सहित छिट्टै आफ्नो पार्टीको प्रतिवद्धता सार्वजनिक गर्दै सोही अनुरुप स्थानियकै आवश्यकता र सुझावका आधारमा काम गर्ने बताएकी छन् ।

गुरूङले आफू जहिले पनि जनताकै सेवामा लागेको उल्लेख गर्दै दोसो पटक पनि जनसेवाकै लागि उम्मेदवारी दिएको बताईन् । आफ्नो एक मात्र सपना विकास भएकोले त्यसका लागि कास्की २(ख)का जनताले आफूलाई विजयी गराउने उनको विश्वास छ ।

# गठबन्धनका उम्मेदवार विजयी उन्मुख : शर्मा

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले कास्कीका सवै निर्वाचन क्षेत्रमा गठबन्धनका उम्मेदवार विजयी उन्मुख भईसकेको बताएका छन् ।

मंगलबार कास्की क्षेत्र नं १ को सम्पर्क कार्यालय उद्घाटन गर्दै नेता शर्माले देशलाई धनी र समृद्ध बनाउने अभियानमा रहेका गठबन्धनका उम्मेदवारलाई विजयी बनाउन मतदातासँग अनुरोध समेत गरे । नेता शर्माले व्यक्तिसंग भएको साधन, श्रोत र उर्जालाई उपयोग गरेर शिक्षा, स्वास्थ्य र रोजगारी प्रदान गर्नु पहिलो प्राथमिकता गठबन्धनका उम्मेदवारले बोकेको समेत उल्लेख गरे । प्रजातन्त्र, संविधान र समानतालाई दीगो बनाउन लागि परेको गठबन्धनका उम्मेदवारलाई मत हाल्न सवै मतदाता नागरिकलाई आग्रह गरे । नेता शर्माले आ-आफ्ना समानुपातिकका उम्मेदवारहरुलाई भोट दिन आह्वान गरे । लेखनाथ



स्थित बुढीवजारमा रहेको सम्पर्क कार्यलय उदघाटन कार्यक्रमलाई सम्बोधन गर्दै पूर्व मन्त्री यज्ञबहादुर थापाले हिजोको दिनमा तारानाथ रानाभाटले जितेको क्षेत्र मैलेसमेत जित्दा र माओवादीले २ पटक जितेको क्षेत्रमा हामी सँगै (गठबन्धन) लड्दा विजय निस्चित रहेको ठोकुवा गरे। सभामा माओवादी केन्द्र कास्कीका अध्यक्ष राजकाजी गुरुङ (करण)ले पार्टीको निर्देशनलाई पूर्ण कार्यान्वयन गर्दै अघि बढेर सवै उम्मेदवारलाई विजयी गराउने जिम्मा हामी सबैको भएको बताए । सभामा नेकपा एसका नेता चुणामणि जंगलीले ५ दलिय गठबन्धन एकढिक्का भएर अघि बढ्नुको विकल्प नभएको बताए । सभामा नेका कास्कीका सभापति एवं संघ तर्फका उम्मेदवार किश्वरदत्त बरालले विकास निर्माणलाई योजनाबद्ध ढंगबाट प्राथमिकता दिँदै ठुला र साना विकासलाई दीगो स्तरमा लैजान आफूहरुको योजना रहेको उल्लेख गरेका थिए । उद्यमशिलतालाई प्राथमिकता दिनु पर्ने बताएका उम्मेदवार बरालले कृषि क्षेत्रबाट निर्यातको प्याकेज ल्याउन सक्ने बताए। नेकपा माओवादी केन्द्रका नेता एवं गण्डकी प्रदेशका पुर्व सांसद कास्की क्षेत्र नं १ (क) का उम्मेदवारदिपककोइरालालेनेकपा एमालले हारको मनस्थितिमा पुगेर झुटको खेती गरिरहेकोमा चिन्ता गरे । प्रदेशमा भएको योजनालाई एमालेका उम्मेदवार खगराज अधिकारीले झुटको खेती गर्दै हिडेकोमा चिन्ता व्यक्त गरे । ५ दलिय गठबन्धनका संयोजक राजेन्द्रमणि लामिछानेको अध्यक्षतामा भएको सभामा समानुपातिक उम्मेदवार हरुको तर्फबाट बोल्दै रुख चिन्हकी नेतृ सरस्वती गुरुङले हामीले गरेका कामहरुलाई संस्थागत गर्दै मतदातासँग मत मागिन । गुरुङले प्रदेश सरकारबाट भएको स्वास्थ्य क्षेत्रमा गरेको योगदान, शिक्षा क्षेत्रमा गरेको परिवर्तन, कृषि क्षेत्रमा दिएको योगदान अविस्मरणिय रहेको भन्दै निर्धारित लक्ष्य पुरा गराउन गठबन्धनका उम्मेदवारलाई जिताउनु पर्ने समय आएको बताइन ।

सदस्य सचिव सरोज कसीले सञ्चालन गरेका सभामा माओवादी केन्द्रका नेता कोमलनाथ बराल, विनय थापा, समाजवादीका नेता पुर्ण लामा, दुर्गा गुरुङ, जनमोर्चाका हरिप्रसाद बराल लगायतले बोलेका थिए ।

## समृद्धिको...

नेकपा एमाले केन्द्रीय सदस्य तथा कास्की इञ्चार्ज कृष्णबहादुर थापाले पार्टी कार्यकर्ताहरु संगठित भएर सूर्यध्वजावाहक उम्मेदवारलाई विजयी गराउनतर्फ लाग्न आग्रह गरे ।

निर्वाचन परिचालन कमिटिका संयोजक शिवराज आचार्यको अध्यक्षतामा भएको कार्यक्रममा एमाले प्रदेश कमिटिका सहसचिव रश्मि आचार्य, बार्यवाहक जिल्ला अध्यक्ष तेजनारायण अधिकारी, जिल्ला कमिटी सदस्य सुष्मा पौडेल लगायतले निर्वाचनमा संगठित भएर लाग्नुको विकल्प नभएको बताए । त्यसै गरी आजै पोखरा ८ सिजर्नाचोकस्थित कास्की निर्वाचन क्षेत्र नं. २ (ख) को निर्वाचन परिचालन कमिटिको कार्यालयको पनि उद्घाटन गरिएको छ । नेकपा एमाले कास्की जिल्ला इञ्चार्ज कृष्णबहादुर थापाले उक्त कार्यालयको उद्घाटन गरेका हुन् । परिचालन कमिटिका संयोजक दानवहादुर बाँनियाको अध्यक्षतामा भएको कार्यक्रममा निर्वाचन क्षेत्र नं.२ (ख) का उम्मेदवार मिना गुरुङ, समानुपातिक प्रदेश सभाका उम्मेदवार डा. छममाया पुन, कास्की जिल्ला सह इञ्चार्ज मिना गुरुङ लगायतले संघ र प्रदेश सरकारले गरेका गतिविधिलाई दस्तावेज गर्दै जनताका घरदैलोमा पुग्नु पर्नेमा जोड दिए ।

## पोखरालाई...

हुँदा पर्वतीय पर्यटनको पढाइले योगदान दिने विश्वास गरे । गण्डकी प्रदेशमा पर्यटनका सम्भावना खोज्न र पर्यटनसँग सम्बन्धित संघ, संस्था र सोही विषयको उच्च अध्ययन गरेका जनशक्तिलाई एकै ठाउँमा राखेर मिटको आयोजना गरिएको थियो । स्नातक र स्नातकोत्तरमा पर्यटन र आतिथ्यता अध्ययन गरिरहेका विद्यार्थी, विज्ञ र रोजगारदाताबिच छलफल गरी समस्या र सम्भावनाको खोजी गरिएको थियो । गण्डकी प्रदेशमा पर्यटन र अतिथ्यता शिक्षाको अहिलेको अवस्था र सम्भावनाबारे प्यानल छलफलमा पर्यटन शिक्षण गर्दै आएका डा.रामजी शर्मा, नेपाल पर्यटन बोर्ड पोखराका प्रमुख काशीराज भण्डारी, बाराही ग्रुपका निर्देशक वैभव पौडेल, पोखरा ग्रान्डका महाप्रबन्धक पञ्चलम लामा सहभागी प्यानल छलफलको सहजीकरण दीपेन्द्र पहारीले गरेका थिए । पोखरा पर्यटन परिषद्का अध्यक्ष पोमनारायण श्रेष्ठ, डा. ध्रुवराज पोखरेल लगायतका वक्ताले टिप्पणी गरेका थिए । एमविए इन हस्पिटालिटी र विएमटिमको पाठ्यक्रमका बारेमा नेत्रप्रसाद सुवेदी र मेखराज पौडेलले जानकारी प्रस्तुत गरेका थिए । अध्ययन सकेका प्रेम गिरी र विष्णुहरि तिमिल्सिनाले आफ्ना ४ वर्ष अध्ययनको अनुभव आदानप्रदान गरे । विएमटिमका विद्यार्थीले साँस्कृतिक प्रस्तुति राखेको कार्यक्रममा ‘जर्नल अफ टुरिजम एण्ड एडभेन्चर’ को पाँचौं अंक लोकार्पण गरिएको थियो । क्याम्पस व्यवस्थापन समितिका अध्यक्ष तारा गिरीको सभापतित्वमा सम्पन्न कार्यक्रममा सदस्य ध्रुवराज चालिसेले स्वागत मन्तव्य राखेका थिए । क्याम्पस प्रंमुख लोकराज भण्डारीले धन्यवाद ज्ञापन गरेको उक्त कार्यक्रमको सञ्चालन डा. भावना पोखरेलले गरेकी थिइन ।




# प्याराग्लाईडिङ खेल संचालन गर्न मन्त्री बरालको आग्रह

पोखरापत्र संवाददाता
पोखरा, १ कार्तिक

गण्डकी प्रदेश सरकारका अर्थ मन्त्री रामजी प्रसाद बराल जीवनले हाल बन्द गरिएको सहासिक खेल प्याराग्लाईडिङ पुनः संचालन गर्न माग गर्नु भएको छ ।

मन्त्री बरालले मंगलबार आफ्नो फेस बुक स्टाटसमा यस्तो आग्रह गर्दै खेलका क्रममा दुर्घटनामा परी निधन भएको घटनालाई लियर देशै भरी संचालन भएको सहासिक खेल प्याराग्लाईडिङ बन्द गर्नु उचित निर्णय नभएको उल्लेख गरेका छन् ।

मन्त्री बरालले हार्दिक अपिल गर्दै पोखरामा जारी नवौं खेलकुद प्रतियोगितामा समावेस भएको प्याराग्लाईडिङ खेल समेत आवश्यक मापदण्ड पुरा गरी संचालन गर्न माग गरेका छन् । अन्तर्राष्ट्रिय बजारमा गलत सन्देश प्रवाह हुने जोखिम बढेको उल्लखे गर्दै मन्त्री बरालले अतः प्याराग्लाइडिङको सन्दर्भमा अहिले देखिएको अन्यौलको तत्काल अत्य गरी सुरक्षाका मापदण्डको पूर्ण पालना, नियमन र जिमेवारपूर्ण तरिकाले यो साहसिक खेल तत्कालन संचालनमा ल्याइयोस् भन्दै जोडदार माग गरेका छन् ।

पोखरामा जारी नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत गत असोज ३० गते प्याराग्लाइडिङ



क्रसकन्ट्री विधाको प्रतिस्पर्धाको क्रममा भएको दुर्घटनामा परी दिवंगत हुनुभएका युवा खेलाडी निसिम थापाप्रति मन्त्री बरालले हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना समेत व्यक्त गरेका छन्। उनले भने “निसिमको निधनबाट राष्टले होनाहार खेलाडी गुमाएको छ, परिवारको आशाको त्यान्द्रो चुँडिएको छ, दुर्घटना आकस्मिक नै हुन्छ तर म त्यो दुर्घटनाको छानबिन गरि वास्तविकता बाहिर ल्याउन सम्बन्धित निकायहरुसँग हार्दिक अनुरोध गर्दछु ।” गण्डकी प्रदेश सरकारको अर्थमन्त्रीको नाताले अनुसन्धानमा सहजीकरण गर्न आफु स्वयं र गण्डकी सरकार तयार रहेको उनले जानकारी समेत फेसवुकबाट गराएका छन्। निसिमको असामयिक र दुखद निधनसँगै पोखराको पर्यटनको लागि महत्वपूर्ण भूमिका निर्वाह प्याराग्लाइडिङ खेलमाथि नै प्रतिबन्ध लगाउने वा पोखराबाट विस्थापन गर्ने भन्नेजस्ता विषयहरु सतहमा आएको घटनाले समग्र पोखराको प्याराग्लाईडिङ व्यवसयालाई धरापमा पार्न खोजिएको उनले जनाए । हवाइ क्षेत्रको नियमनकारी निकाय हवाइ उड्डयन प्राधिकरणले दुखद घटनापछि अनिश्चितकालका लागि देशैभर प्याराग्लाइडिङ खेल बन्द गर्ने निर्णय गरेको छ ।

मन्त्री बरालले भने “घटनाको छानबिन हुनैपर्छ, तर, यो निर्णयले करोडौं लगानीमा सञ्चालित प्याराग्लाइडिङ कम्पनी तथा खेलको भविष्य माथि संकट सिर्जना हुन लागेको प्याराग्लाइडिङ नियमनकारी निकायहरुबाट स्वीकृति लिएर संचालनमा आएको व्यवसाय हो, त्यसको सुरक्षा गर्नु राज्यको कर्तव्य हो।” संसारभर जोखिमपूर्ण खेलहरुमा निश्चित सुरक्षा मापदण्ड कायम भएको उल्लखे गर्दै मन्त्री बरालले मापदण्ड पालना गर्नु खेलाडी, तत् कम्पनी तथा नियमनकारी निकायको कर्तव्य भएको बताए ।

हरेक साहसिक खेलहरु जोखिमपूर्ण हुने गरेको उल्लेख गर्दै मन्त्री बरालले दुर्घटनालाई नै कारण बनाएर खेल गतिविधि नै बन्द गर्नु न्यायोचित नहुने बताए । पोखरा र नेपालको सन्दर्भमा विदेशी मुद्रा आर्जन गर्ने, पर्यटकलाई पोखरामा आकर्शित गर्ने प्याराग्लाइडिङ बन्द गराउनु वा बन्द हुँदैछ भन्ने सन्देश प्रवाह गर्नुले पोखराको पर्यटन क्षेत्रलाई थप प्रभावित पार्ने उनले जनाए । एसियन गेममा रजत पदक प्राप्त खेल प्याराग्लाइडिङ अन्तर ाष्ट्रिय स्पर्धामा पदक दिलाएको र पदकको सम्भावना भएको यो खेलको विकास राष्ट्रको पहिचान र परिचयसँग जोडिएको मन्त्री बरालले जनाए । कोभिड-१९ महामारीपछि तंग्रिँदै गरेको पर्यटन व्यवसायलाई यस्ता बिबादित बिषयले समस्या ल्याउन सक्ने मन्त्री बरालको बुझाई छ । पोखरामा प्याराग्लाईडिङको प्रि वर्ल्ड कप समेत भएको छ भने विश्वकै उत्कृष्ट मध्यमा पर्ने विज्ञहरुले बताउदै आएका छन् । पोखरामा जारी नवौं खेलकुदमा समावेस भएको प्याराग्लाईडिङ शनिबार क्रसकन्ट्रीको एक राउण्डको मात्र खेल भएको छ भने अब कहिले हुने नहुने अन्यानै भएको छ ।

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्म्पक:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङ्ग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङ्गको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म


सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरून्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



● कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
● चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
● कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
● कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१0, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. 0६1-४३२२४२, ९८४६0६८८0६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आफुले कमाउनु भन्दा कम खर्च गर्ने गर ।

- पल क्लिथेरोई

## सम्पादकीय

# खेर गएको डेढ वर्ष

गठबन्धन सरकार बनेपछि विकास खर्चमा सुधार हुन सकेको छैन । साउन १ गतेदेखि नै विकास खर्च गर्न सकिने अर्थमन्त्री जनार्दन शर्माले घोषणा गरेका थिए । गठबन्धन सरकारले सबै अनुकूल वातावरण बनाएको हुँदा विकास खर्च बढ्ने र राजश्व संकलन पनि बढ्ने दावी अर्थमन्त्रीको थियो । देशमा कसरी पुँजीगत खर्च बढाउने र राजश्व वृद्धि गर्न सकिन्छ भनेर गठबन्धनको बैठकमा कहिल्यै छलफल भएन । बरु कसरी राज्यकोषबाट गठबन्धनका नेताहरूलाई सुविधा दिन सकिन्छ भन्ने चिन्तन भयो । गठबन्धनको सरकारले देश विकासका लागि अग्रसरता लिनुको साटो पछाडि धकेल्ने काम गरेको छ । निर्वाचनको मुखमा विकास खर्च हुन सक्दैन । चुनावमा व्यापारीसँग चन्दा लिने होडबाजी चल्छ । राजश्व बढ्न सक्ने अवस्था देखिदैन ।

गएको १६ महिनाले देश विकासमा पछाडि धकेलिएको तथ्यांकले देखाएको छाचालु आर्थिक वर्ष २०७९/८० को तीन महिनामा लक्ष्यको ५.१७ प्रतिशत मात्र विकास खर्च भएको छ । महालेखा नियन्त्रक कार्यालयका अनुसार साउन १ गतेदेखि असोज ३१ गतेसम्म जम्मा ५.१७ प्रतिशत विकास खर्च भएको छ ।सरकारको नयाँ सोच र अठोट नभएको देखिन्छ । तीन महिनाको अवधिमा तीन खर्ब ८० अर्ब ३८ करोड रुपैयाँ खर्च गर्ने लक्ष्य राखेको भए पनि साउन, भदौ र असोजमा १९ अर्ब ६८ करोड ११ लाख रुपैयाँ मात्र खर्च भएको छ । तर, गत आर्थिक वर्षको तीन महिनामा भएको विकास खर्चको तुलनामा चालु आर्थिक वर्षको सोही अवधिमा भने विकास खर्च बढेको देखिन्छ । गत आवको तीन महिनामा लक्ष्यको करिब चार प्रतिशत मात्रै विकास खर्च भएको थियो । गत आवमा तीन खर्ब ७८ अर्ब नौ करोड रुपैयाँ विकास खर्च गर्ने लक्ष्य राखिएकोमा असोज ३१ गतेसम्म १४ अर्ब ८८ करोड ९३ लाख रुपैयाँ मात्र विकास खर्च भएको थियो ।

सर्वोच्च अदालतको परमादेशबाट बनेको सरकारको प्राथमिकता विकास थिएन खर्च हुन सकेन । गठबन्धन सरकारले राजश्व बढाउन कहिल्यै चासो दिएन । बरु राज्यकोषको दोहन मात्र गरेको विवरण सार्वजनिक भएको छ । चुनाव खर्च उठाउने र आफ्ना आसेपासेलाई राज्यकोषबाट रकम बाँडेर चालू खर्च बढाउने काम गरेको छ । चालु आर्थिक वर्षको तीन महिनामा राजस्व संकलनभन्दा बढी चालु खर्च भएको छ । साउन, भदौ र असोजमा दुई खर्ब आठ अर्ब ५८ करोड रुपैयाँ राजस्व संकलन भएको छ भने दुई खर्ब २३ अर्ब ७५ करोड रुपैयाँ चालु खर्च भएको छ ।

उक्त राजस्व संकलन चालु आर्थिक वर्षमा राखिएको लक्ष्यको १४.८७ प्रतिशत हो भने चालु खर्च लक्ष्यको १८.९१ प्रतिशत हो । चालु आर्थिक वर्षमा १४ खर्ब तीन अर्ब १४ करोड रुपैयाँ राजस्व संकलन गर्ने लक्ष्य राखिएको छ भने ११ खर्ब ८३ अर्ब २३ करोड रुपैयाँ चालु खर्च गरिने लक्ष्य राखिएको छ । गत वर्ष तीन महिनामा दुई खर्ब ५५ अर्ब तीन करोड रुपैयाँ राजस्व संकलन भएको महालेखा नियन्त्रक कार्यालयले जनाएको छ । सो अवधिमा चालु खर्चभन्दा बढी राजस्व संकलन भएको थियो । सो वर्ष राजस्व लक्ष्यको २१.६ प्रतिशत राजस्व संकनल भएको थियो भने चालु खर्च १७.५१ प्रतिशत भएको थियो । चालु आर्थिक वर्षमा १७ खर्ब ९३ अर्ब ८३ करोड रुपैयाँ बजेट विनियोजन गरिएको छ । चुनावपछि महंगी बढ्नेछ । चुनावमा भएको खर्च उठाउन पनि करको दुरुपयोग,व्यापारीसँग चन्दा उठाउने गरेको हुँदा चुनावपछिको सरकारले पनि पाइला पाइलामा अबरोध झेल्नुपर्ने अवस्थालाई मनन गरेर पुँजीगत खर्च बढाउन साझा संकल्प गर्नुपर्छ ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : ब्यापारमा लाभ | तुला | : सत्कार मिल्नेछ |
| वृष | : शत्रुको भय | वृश्चिक | : सम्मान मिल्नेछ |
| मिथुन | : झमेला बड्ने | धनु | : अप्रत्यसित लाभ |
| कर्कट | : कार्यमा सफलता | मकर | : आर्थिक समस्या |
| सिंह | : मन चञ्चल | कुम्भ | : मानसिक तनाब |
| कन्या | : सहयोग मिल्नेछ | मीन | : शारीरिक झमेला |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# तापक्रम घट्दै चिसो बढ्दै

रासस

काठमाडौं, १ कर्तिक

मनसुन बाहिरिएसँगै पश्चिमी वायुको प्रभाव सक्रिय रहेकाले बदली र वर्षाको सम्भावना रहेको छ ।

जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखा मौसमविद् हीरा भट्टराईका अनुसार पछिल्ला दिनमा तापक्रम घट्दै गएको छ । पश्चिमी वायु सक्रिय रहेकाले चिसो पनि बढेको छ । मनसुन सकिएपछि पश्चिमी वायुको प्रवेश हुने भएकाले दुई दिन बदली र वर्षाको सम्भावना रहेको उहाँले बताउनुभयो । उहाँले भन्नुभयो, “मनसुन बाहिरिएसँगै पश्चिमी वायुहरू सक्रिय हुन्छन् आज र भोलि धेरै नै सक्रिय छन् जसले गर्दा सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशमा बदली गराएर पहाडी भू-भागमा हल्का वर्षा गराउने सम्भावना रहेको छ ।”

पश्चिमी वायुसँगै चिसो पनि आउने भएकाले अबका दिनमा क्रमशः चिसो बढ्दै जाने मौसमविद् भट्टराईको भनाइ छ । यस वर्षको मनसुन गत शनिबारबाट नेपालको सुदूरपश्चिम, कर्णाली, लुम्बिनी, गण्डकी र मधेस प्रदेशको पश्चिमी भू-भागबाट बाहिरिएको थियो । बाँकी प्रदेश नं १ को मनसुन पनि आइतबार बाहिरिएको छ । अहिले नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिसकेको महाशाखाले जनाएको छ । गत जेठ २२ गते नेपालको पूर्वी भू-भाग भएर नेपालमा मनसुन प्रवेश गरेको थियो ।

नेपालमा मनसुन बाहिरिएपछि पछिल्ला दिनमा देशैभरको मौसम सफा रहेको छ । मौसम खुलेपछि राजधानी काठमाडौँबाट उत्तरी भेगमा देखिन हिमशृङ्खला र हरिय डाँडाको मनमोहक दृश्यले शरद ऋतृमा रौनक थपिएको छ । तीन दिनयता खुलेको मौसममा क्यामेरामा कैद गरिएका मनोरम दृश्यले सञ्चारमाध्यम र सामाजिक सञ्जालमा छाएको छ ।हाल नेपालमा कुनै उल्लेखनीय मौसमी प्रणालीको प्रभाव नरहेकाले देशैभरको मौसम सामान्यतया सफा रहेको छ । अहिले देशको पहाडी भू-भागमा आंशिकदेखि सामान्य बदली रही बाँकी भू-भागमा मौसम सफा रहेको छ । दिउँसो देशको सुदूरपश्चिम प्रदेश, कर्णाली प्रदेश र लुम्बिनी प्रदेशमा आंशिकदेखि सामान्य बदली रही बाँकी प्रदेशहरूमा आंशिक बदलीदेखि मौसम सफा रहनेछ । सुदूरपश्चिम, कर्णाली र लुम्बिनी प्रदेशका पहाडी भू-भागको एक-दुई स्थानमा हल्का वर्षाको सम्भावना रहेको छ । रातिको समयमा गण्डकी प्रदेशलगायत देशको पहाडी भेगमा आंशिक बदली रही बाँकी क्षेत्रमा मौसम सफा रहने महाशाखाले जारी गरेको मौसम पूर्वानुमान बुलेटिनमा उल्लेख छ । मंगलबार काठमाडौँको न्यूनतम १२ र अधिकतम तापक्रम २६ डिग्री सेल्सियस रहेको छ ।

# बलेवा विमानस्थल राजनीति गर्ने थलो बन्दै

पोखरापत्र संवाददाता

बागलुङ, १ कर्तिक

उत्तर-दक्षिण जोड्ने कालीगण्डकी करिडोरको मध्य भागमा पर्छ, बागलुङको बलेवा । विसं २०४८ पहिले पैदल मार्गबाहेक बागलुङ र आसपासका जिल्लालाई पोखरा, काठमाडौँ र भैरहवासँग जोड्थ्यो बलेवाले । यहाँ रहेको बलेवा विमानस्थल देशभर बागलुङवासीलाई जोड्ने माध्यम थियो । विसं २०४८ मा पोखरा-बागलुङ राजमार्ग सञ्चालनमा आएपछि बलेवाले जहाज देख्न पाएनन् ।

एकतीस वर्षयता यहाँ रहेको विमानस्थल राजनीति गर्ने थलो बन्दै आएको छ । कहिले गौचरण बनेको चर्चा त कहिले प्रयोगविहीन विमानस्थललाई अन्य कुनै काममा ल्याउनुपर्ने चर्चाहरू भइरहे । तर विमानस्थल न त उपयोग भएको छ न प्रयोग । विमानस्थलको झन्डै सात सय मिटर लामो धावनमार्ग पछिल्लो समय कालोपत्र गरिएको छ । चौबिस मिटर चौडा, तारबारले घेरिएको, टर्मिनल भवन मर्मत गरेर रङरोगनसमेत भएको विमानस्थल हवाईजहाजको पर्खाइमा छ ।

यो विमानस्थलको धावनमार्ग रु आठ करोड बढी खर्चेर बनेको हो । निर्माणका बेला हतार-हतार गरिए पनि बनेपछि सरोकारवालाले जहाज चलाउने पहल गरेका छैनन् । “हिजो गौचरण रहेको विमानस्थल अहिले टल्किने भएको छ, अब जहाज चलाउनुपर्छ”, पूर्व सांसद डा सूर्य पाठकले भन्नुभयो, “विमान चल्न यात्रु चाहिन्छन्, सडक राम्रो नहुँदा यात्रुको समस्या भएको हो ।”

नागरिक उड्डयन प्राधिकरण, बागलुङ नगरपालिका र राजनीतिक दलका नेतृत्वले बनिसकेको विमानस्थलको सदुपयोगबारे चासो राख्नुपर्ने स्थानीय बताउँछन् । प्राधिकरणका कार्यक्रम व्यवस्थापक मीनराज ओझाले कालोपत्रपश्चात तत्कालै जहाज सञ्चालन गर्ने जनाउँदै आउनुभएको थियो । तर गत वैशाख-जेठमै विमानस्थलको धावनमार्गलगायतका संरचना तयार भएका भए पनि सहज सञ्चालनमा आउन सकेको छैन् ।

विमानस्थलबाट जहाज चल्ने सम्भावना अझै नभएको बागलुङ नगरपालिका-१४ का अध्यक्ष चक्रबहादुर खत्रीले बताउनुभयो । मालढुङ्गादेखि १० किमी दूरीमा पुग्न सकिने विमानस्थलका लागि दुईवटा सडक छन् । तर तीन वर्षदेखि खसेको पहिराले दुवै सडक अवरुद्ध बनाउने गरेको छ । वर्षाका तीन महिना सडक ठप्पप्रायः हुन्छ । पहिरो पन्छाउने र सडक चलाउन नसक्दा यात्रीले पैदल हिँड्नुपर्ने बाध्यता छ । “वर्षाको समयमा सवारी चढेर सदरमुकाम पुग्नै कठिन छ, यहाँ जहाज चल्ने कुरामा कसरी विश्वास गरौँ”, बलेवा पैञ्युपाटाका भवानी रिजालले भन्नुभयो, “पहिले सडक मजबुद बनाउन लाग्नुपर्छ, जहाज नचलाएर त सुख होला र ?” सडकको पहुँच नभएसम्म जहाज चलाएर पनि यात्री लैजान नसकिने नरहेको उहाँको भनाइ छ । सरकारले मालढुङ्गाबाट बलेवासम्मको कालीगण्डकी करिडोरको १० किमी खण्ड कालोपत्र गर्न ठेक्का लगाएको छ । तर यो सडक कहिले कालोपत्र बन्छ भन्ने यकिन छैन । गत असोज १३ गते यो सडक कालोपत्रका लागि ठेक्का खुलेको भए पनि प्रक्रियागत काम बाँकी रहेको भन्दै करिडोर आयोजना कार्यालय पाल्पाले निर्माण व्यवसायीसँग चुनावपछिमात्रै सम्झौता गर्ने योजना बनाएको छ । “दसैँमा खुलेको बागलुङ-कुश्मीशेरा सडक तिहारमा खुल्छ कि खुल्दैन थाहा छैन”, जैमिनी नगरपालिका-४ सर्कुवाका तेजेन्द्र नेपाली भन्नुहुन्छ, “गाडीका पट्टा भाँचिने सडक हुँदै जहाज चढ्न यात्रु जाँदैनन् ।” काष्ठमण्डप उमा एण्ड संयुक्त निर्माण कम्पनीले गत वर्ष रु आठ करोड २४ लाख ३४ हजारमा विमानस्थल कालोपत्र गरेको हो । विमानस्थलमा छ सय २० मिटर लामो पक्की नाली, एक हजार पाँच सय मिटर लामो घेराबार र एउटा मुख्य तथा अर्को आपत्कालीन गेट बनेको छ । मैदानको सबै भाग एक किमी दूरीको छ । तर हाल झन्डै सात सय मिटर कालोपत्र गरिएको छ । यहाँ १८ देखि २४ सिट क्षमताका जहाज चल्न सक्छन् ।

# आर्चरीमा गण्डकी अग्रस्थानमा, चार स्वर्ण

पोखरापत्र संवाददाता

पोखरा, १ कर्तिक

गण्डकी प्रदेशले आर्चरीमा चार स्वर्ण जितेको छ । विभागीय टोली नेपाल आर्मीले दुई स्वर्ण जित्दा सशस्त्र प्रहरीले एक स्वर्ण जितेको छ । आर्चरीमा तीन विधामा कूल १३ स्वर्णमध्ये ७ स्वर्णको छिनोफानो मंगलबार भएको हो ।

गण्डकीले थप दुई वटा रजत जित्यो भने एउटा काँस्य हात पार्न सक्यो । आर्मीले थप चार काँस्य पदक प्राप्त गरेको छ । एपीएफले एक रजत, दुई काँस्य जित्यो । यस्तै, नेपाल पुलिस एक रजत,, एक काँस्यमा सीमित रहँदा प्रदेश १ ले एक रजत र सुदुर पश्चिमले एक रजत जित्न सक्यो । नवौं राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत आर्चरी खेलमा गण्डकीले रिकर्भ मेन टीम, रिकर्भ मिक्स टीम, कम्पाउण्ड मेन टीम र स्टान्डर्ड मेन टीममा स्वर्ण जितेको हो । नेपाल आर्मीले स्टान्डर्ड वुमन टीम र स्टान्नर्ड मिक्स टीममा स्वर्ण पदक आफ्नो पोल्टामा पार्दा एपीएफले कम्पाउण्ड मिक्स तर्फ स्वर्ण हात पारेको हो । रिकर्भ मेन टीममा गण्डकीले नेपाल पुलिसलाई फाईनलमा सोझो तीन सेट मा जित्यो । अशिम शेरचन, गंगा कुँवर, देउ रोक्का, लुद्र राना मगरको समूहले ३-० स्कोरले जितेको हो । तेस्रो स्थानमा रहेको एपीएफले सुदुरपश्चिमलाई जित्यो । रिकर्भ मिक्स टीमतर्फ गण्डकीका गंगा कुँवर र रोजिना थापा मगरको जोडीले बिराट थापा र गीता खत्री सम्मिलित एपीएफलाई ५-३ स्कोरले पराजित गरेको हो । ४-२ स्कोरको अवस्थामा निकै प्रतिष्पर्धात्मक खेलमा रोजिनाले अन्तिम टार्गेट चुक्न दिइनन् । आर्मीले प्रदेश १ लाई हराउँदै काँस्य जित्यो ।

कम्पाउण्ड मेन टीम तर्फ गण्डकी प्रदेशले एपीएफलाई पराजित गरेको हो । योगेन्द्र शेरचन, जागृत गुरुङ, खेमबहादुर क्षेत्री, युवराज लामा सम्मिलित टीमले एपीएफलाई १४४-१४१ स्कोरले हरायो । आर्मीले सुदुरपश्चिमलाई पराजित गर्दै काँस्य पदक हात पारेको हो । स्टान्डर्ड वुमन टीम नेपाल आर्मीले प्रदेश १ लाई ६-० को सोझो तीन सेटमा हराएको हो । आर्मीका लागि शारदा बिक, सरु तमाङ, खड्ग कुमारी थापा मगर र तुलसी थापा मैदान उत्रेका थिए । यस्तै, गण्डकीले एपीएफलाई पराजित गर्दै काँस्यमा सीमित भयो । गण्डकीका तर्फबाट अनुश्का शेरचन, सोलिना गुरुङ र शर्मिला गुरुङ खेलेका थिए । स्टान्डर्ड मिक्स टीमतर्फ पनि आर्मीले स्वर्ण जित्दा गण्डकीलाई सोझो तीन सेटमा हराएको हो । आर्मीका तर्फबाट प्रदीप सुनुवार र शारदा बिक तथा गण्डकीका तर्फबाट दुर्गा घर्ती मगर र अनुश्का शेरचन खेलेका थिए । एपीएफले प्रदेश १ लाई हराउँदै काँस्य जित्यो । कम्पाउण्ड मिक्स टीममा एपीएफले गण्डकी प्रदेशलाई १४७-१३० स्कोरले हराउँदै स्वर्ण जित्यो । सुदुरपश्चिमले वाकओभर दिँदा आर्मीले काँस्य जित्यो । स्टान्डर्ड मेन टीमतर्फ गण्डकीले सुदर पश्चिमलाई सोझो तीन सेटमा हरायो । गण्डकी टीममा दुर्गा घर्ती मगर, खड्ग घर्ती, राजु पुन र कृष्ण भण्डारी मैदान उत्रिएका थिए । नेपाल पुलिसले प्रदेश १ लाई हराउँदै काँस्य जित्यो । अन्तिम दिन बुधबार ६ वटा स्वर्णका लागि खेल हुनेछन् ।


## पसल बिक्रीमा

पृथ्वीचोकमा चालु अवस्थामा रहेको पसुल विशेष कारणवस तुः बिक्रीमा छ ।

सम्पर्कः

९८२७१९९५८६

९८१९५२९०४५


# कोदोखेतीमा गबारोको समस्या, कृषक चिन्तित

पोखरापत्र संवाददाता

पर्वत, १ कर्तिक

पर्वतका विभिन्न क्षेत्रमा लगाइएको कोदो खेतीमा गबारो किराको समस्या देखिएको छ । जिल्लाका उच्च पहाडी र लेकाली क्षेत्रमा गरिएको कोदो खेतीमा गवारो रोगको समस्या बढेपछि कृषक चिन्तित बनेका छन् ।

जिल्लाको दुर्लुङ, चित्रे, क्याङ, राम्जा, फलामखानी, लुङ्खुदेउराली, शालिजा, बाँसखर्कलगायतका क्षेत्रमा लगाइएको कोदोखेतीमा पहेँलो हुने, बाला नलाग्ने र विस्तारै बोट मर्ने समस्या देखिएको हो । धेरै गर्मी हुने बेँसीमा भन्दा केही चिसो हुने लेक क्षेत्रमा लगाइएको कोदोको गवारे किराको प्रभाव परेको देखिएको तथा विगतमा भन्दा यो वर्ष झनै क्षति भएको कृषि ज्ञान केन्द्र पर्वतकी प्रमुख वरिष्ठ कृषि विकास अधिकृत मनिता थापाले बताउनुभयो । “पछिल्ला दुई-तीन वर्षयता गवारो किराको प्रकोप देखिएकामा अहिले झनै क्षति भएको भनेर लेक क्षेत्रका कृषकले गुनासो गर्नुभएको छ । यसले पर्वतमा हुने कोदोको उत्पादनमा ह्रास ल्याउने भयो”, उहाँले भन्नुभयो, “कोदो पसाउने बेलामा बिरुवाको काण्डमा गवारोले छेड्छ । त्यसको असरले पसाउन पाउँदैन । विस्तारै बोट पहेँलो हुँदै मर्छ ।” कृषि ज्ञान केन्द्रका बाली संरक्षण अधिकृत नारायण शर्माले कृषकको धेरै गुनासो आएपछि जिल्लाको मोदी गाउँपालिकाको क्याङमा ‘बाली उपचार शिविर’ राखेर त्यसको प्रभाव कम गर्ने प्रयास गरिएको बताउनुभयो । त्यहाँका ३५ कृषकले ल्याएको बिरुवा परीक्षण गर्दा ५० प्रतिशतमा गवारोको समस्या देखिएको र त्यस बाहेक पातमा लाग्ने थोप्ले रोग र मरुवाको पनि प्रकोप रहेको पाइएको उहाँको भनाइ छ । “हामीले बाली उपचार शिविर नै राखेर प्रकोपको बारेमा खोजेका थियौं ।

तर अबको उपचारले त्यो प्रकोप नियन्त्रणमा आउने अवस्था छैन । त्यही पनि हामीले तत्काल गर्न सकिने प्रयास भने गरेका छौं”, उहाँले भन्नुभयो, “प्रकोप देखिएका अन्य ठाउँमा पनि कृषि प्राविधिकहरू पुगेर तत्काल गर्न सकिने प्रयास त गर्नुभएको छ । सकेसम्म कम क्षति होस् भन्नेमा लागिरहेका छौं ।” ज्ञान केन्द्र प्रमुख थापाले गवारोको प्रकोप बढ्नुको कारण जलवायु परिवर्तनसँगै बारीमा गरिने सरसफाइको अभाव भएको बताउनुभयो । जलवायु परिवर्तनले बालीका मित्र जीवलाई भन्दा शत्रु जीवलाई उपयुक्त हुने वातावरणको विकास भएकाले हरेक बालीमा फरक-फरक समस्या देखिएको उहाँको भनाइ छ । बारीका कान्ला वा कोदो रोपिएकै ठाउँमा पनि सरसफाइको आवश्यकता हुन्छ । तर कान्लाभरि झाडी छ, बारीका पाटा पनि सफा नहुँदा रोगको जीवाणुले आश्रय पाइरहेका छन् ।

गवारो किराको समस्या नियन्त्रण गर्ने विषादी कडा हुने र त्यसको प्रभाव लामो समय रहने भएका कारण अन्तिम अवस्थामा विषादीको प्रयोग नगर्न कृषकलाई कृषि ज्ञान केन्द्रले सुझाव दिएको छ । विषादीको ‘वेटिङ’ समय लामो हुँदा बाली भित्र्याएपछि पनि अन्न र नल (बाला काटिएको कोदोको बोट) मा पनि विषादी कायमै रहन्छ । त्यस्तो अन्न र नल मानिस वा पशु दुवैलाई विषाक्त हुने भएकाले यो वर्ष विषादीको प्रयोग नगरिएको हो । तर आगामी वर्षमा भने कोदो गोड्दासाथ विषादी प्रयोग गरेर समस्या हल गर्न कृषकलाई सुझाइएको छ ।

ज्ञान केन्द्रका अनुसार जिल्लामा आठ हजार तीन सय ५० हेक्टर क्षेत्रफलमा कोदोखेती हुने गरेको छ । यसबाट करिब ११ हजार एक सय ८९ मेट्रिक टन कोदो उत्पादन हुन्छ । सात हजार दुई सय २५ हेक्टर क्षेत्रफलमा धानखेती हुने गरेको छ । गवारो किराको प्रकोपकै कारण यस वर्ष कोदो उत्पादन गिरावट आउने भएको छ ।

# महिला कुस्तीमा सबै स्वर्ण सेना र सुदूरपश्चिमलाई

पोखरापत्र संवाददाता

पोखरा, १ कार्तिक

पूर्वी नवलपरासीमा सञ्चालन भएको नवौं राष्ट्रिय खेलकुदअन्तर्गत महिलातर्फ कुस्तीमा सबै स्वर्ण पदक विभागीय टोली नेपाली सेना र सुदूर पश्चिम प्रदेशले हातपारेका छन् ।

मङ्गलबार भएको प्रतिस्पर्धामा विभागीय टोली नेपाली नेपाली सेना र सुदूर पश्चिम प्रदेशले समान पाँच-पाँच स्वर्ण पदक हात पारेका हुन् । नेपाली सेनाका लागी ५७ केजी तौल समूहमा लक्ष्मी तामाङ्ग, ६२ केजी तौल समूहमा सुशिला चन्द, ६५ केजी तौल समूहमा निर्मला जागरी, ६८ केजी तौल समूहमा मिरा आउजी र ७६ केजी तौल समूहमा रचना श्रेष्ठले स्वर्ण पदक जिते । त्यसैगरी सुदूरपश्चिम प्रदेशका लागी ५० केजी तौल समूहमा दमयन्ती बोहोरा, ५३ केजी तौल समूहमा मनिसा सिंह, ५५ केजी तौल समूहमा सङ्गिता धामी, ५९ केजी तौल समूहमा कोमल खत्री र ७२ केजी तौल समूहमा हेमा भट्टले श्रेष्ठले स्वर्ण पदक जितेका हुन् । कुस्तीमा महिलातर्फ विभिन्न १० वटा तौल समूहका खेलमा ५९ महिला खेलाडी सहभागी थिए । कावासोती-१६स्थित थारु राष्ट्रिय सङ्ग्रहालयको हलमा सञ्चालन भएको उक्त प्रतियोगितामा तीन विभागीय टोली सशस्त्र, आर्मी र पुलिसका साथै सात प्रदेशका दश टोलीको सहभागिता थियो ।

